नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १९५ २०८१ साल फागुन २० गते मंगलबार (4 Mar. 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सगरमाथा संवादको ... ३ पृष्ठमा : सम्भावित शान्ति सम्झौताका ... ३ पृष्ठमा : भाखा नाघेको कर्जा बुझाउने बारे ...

## गोदामबाट प्रतिबन्धित लागु औषध गाँजासहित ठूलो परिमाणमा अवैध मालसामान बरामद



**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

सप्तरी प्रहरीले राजविराजस्थित एक गोदाममा छापा मारेर ठूलो परिमाणको प्रतिबन्धित लागु औषध गाँजासहित अवैध मालसामान बरामद गरेको छ।

प्रतिबन्धित लागु औषध गाँजा तथा अवैध मालसामान एक ट्रकबाट अर्को ट्रकमा लोड भइरहेको तथा केही मालसामान नजिकै रहेको गोदाममा भण्डारण गरि राखिएको गोप्य सुचनाका आधारमा प्रमुख जिल्ला अधिकारी भोला दाहाल नेतृत्वको पुगेको प्रहरी टोलीले राजविराज ९ मलेठस्थित एक गोदाममा छापा मारेर ठूलो परिमाणमा गाँजा र अवैध मालसामान नियन्त्रणमा लिएको हो ।

बरामद सामानहरुमा करिब २४ क्विन्टल गाँजा, १ सय ४२ कार्टून स्याउ, कपडा, चिनी, सुर्ती, सेनिटरी प्याड लगायतका सरसामान छन् ।

बरामद गरिएको सामानको सम्पुर्ण तौल र मूल्य प्रविधिक मार्फत यकिन गर्ने काम भइरहेकाले सो बारे सम्पुर्ण विवरण दिन केही समय लाग्ने प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले बताए ।

उक्त गोदाम घर कसैले भाडामा लिइ तस्करीको मालसामान र प्रतिबन्धित लागु औषध गाजा भण्डारण गर्ने गरेको र मौका हेरी तस्करी गर्ने गरेको चर्चा रहेको छ। यद्दपी प्रहरीले अनुसन्धान जारी रहेकाले गोदाम घरधनी तथा भाडामा लिने ब्यक्ती बारे अनुसन्धान पुरा भएपछि मात्र विस्तृत विवरण सार्वजनिक गर्ने जनाएको छ।

अनुसन्धानको क्रममा प्रहरीले गोदाम भित्र राखिएका कार र स्कारपीयो तथा गोदाम बाहिर मालसामान लोड अनलोड गरिरहेका २ वटा ट्रक गरी ४ वटा सवारी साधन समेत नियन्त्रणमा लिएको छ।

## नाबालिकालाई बलात्कार गरेको आरोपमा छिमेकी पसले पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

सप्तरी प्रहरीले १५ वर्षिया नाबालिकालाई बलात्कार गरेको आरोपमा एक पसलेलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जिल्लाको महादेवा गाउँपालिका वडा नं. ३ बस्ने १९ वर्षिय कैला भन्ने सुमित कुमार यादव छन् । प्रहरीका अनुसार उनी पीडित किशोरीको घर नजिकै किराना पसल संचालन गरी वस्दै आएका छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गत फागुन १५ गते ती नाबालिका आफ्नै घर बाहिर शौच गर्न निस्कदा आँगनमा रहेको कलमा पानी लिन आएका कैलाले हात समाती किराना पसलमा लगी



जवरजस्तीकरणी गरेर फरार भएका थिए ।

अघिल्लो दिन गाउँ घरमै लुकी वसेको अवस्थामा पक्राउ परेका उनलाई सोमवार सप्तरी जिल्ला अदालतबाट म्याद थपेर जबरजस्ती करणी मुद्दामा थप अनुसन्धान भइरहेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए ।

भ०स६ दिन अघि जिल्लाकै छिन्नमस्ता गाउँपालिका ७ मा पनि छिमेकीद्वारा ५ वर्षिया बालिका बलात्कृत भएकी थिइन् । उक्त घटनामा संलग्न सोही वडा निवासी १९ वर्षिय कुदुस अझै फरार छन । उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

## बाघको आक्रमण तथा नियन्त्रणमा लिने प्रयासमा आधा दर्जन घाइते



**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

बाघको आक्रमणबाट सोमबार सप्तरीमा तीन जना घाइते भएका छन् । बिहान सप्तकोशी नगरपालिका १ फत्तेपुरको खोरिया बस्तीमा प्रवेश गरेको बाघले आक्रमण गर्दा उक्त बस्तीका गणेश खत्री, कृष्ण विष्ट र रिजन गोसाई घाइते भएका छन् ।

बिष्ट र गोसाईलाई उपचारका लागि बिराटनगर लगिएको छ भने खत्रीको फत्तेपुरस्थित मोडल हस्पिटलमा उपचार भइरहेको छ । बिहान ६ बजेतिर बाघ उक्त बस्तीमा प्रवेश गरेपछी स्थानीयबीच भागाभाग मच्चिएको थियो ।

घर बाहिर बाघ घुमिरहेको चाल नपाई निस्केका खत्री, विष्ट र गोसाई माथी अचानक बाघले आक्रमण गरेको थियो ।

बाघलाई नियन्त्रणमा लिन स्थानीयले सुरक्षाकर्मी, वन कार्यालय तथा कोशी टप्पु बन्य जन्तु आरक्ष प्रशासनलाई गुहारेका थिए । त्यसपछी सुरक्षाकर्मी, वन कार्यालका प्राविधीक तथा स्थानीय समेत मिलेर बाघलाई नियन्त्रणमा लिने प्रयास थालेको थियो ।

बाघलाई जालमा पारेर समाउने क्रममा स्थानीय स-मिलमा काम गर्ने तीन जना कामदार समेत सामान्य घाइते समेत प्रहरी चौकी फत्तेपुरका इन्चार्ज पन्नालाल चौधरीले बताए ।

सोमबार साँझ ५ बजेतिर उक्त बस्तीका भरत विष्टको घरमा पसेको बाघलाई अहिले सोही घरमा ढोका थुनेर राखिएको तथा आरक्षको विज्ञ टोली आएपछी त्यसको उचित व्यवस्थापन गरिने तयारी रहेको प्रहरीले जनाएको छ ।

**क्षयरोगबाट बचौं, बचाऔं ।**

समयमै उपचार गरे क्षयरोग निको हुने रोग हो । यसको जाँच र औषधी निःशुल्क प्राप्त हुन्छ । नजिकको स्वास्थ्य चौकीमा सम्पर्क गरौं । फोक्सोको क्षयरोग सरुवा रोग हो ।

धुमपान करत हरान । मद्यपान लेत जान ।

नेपाल क्षयरोग निवारण संस्था सप्तरी शाखा ।

**अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं**

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौं,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक बिद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔं,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय ....

## प्रहरीको कडा कदम सह्ानिय

सप्तरीमा लागुऔषध गाजा बरामद हुने क्रम जारि छ। विभिन्न माध्यमबाट सप्तरीमा लागुऔषध गाजा भित्रिने गरिएको छ। पछिल्लो पटक सप्तरीको बलान बिहुल र राजगढ गाउँपालिका क्षेत्रबाट बालुवा लोड गरिएको टिपरबाट गाजा बरामद गरिएको थियो। उक्त गाजा पहाडी क्षेत्रबाट सप्तरीको बाटो हुँदै सीमावर्ती भारतीय बजार लैजाने उद्देश्य रहेको प्रहरीले जनाएको छ। यस्तै जिल्लामा गाजाको भण्डारण समेत हुने गरेको छ। सानो-सानो मात्रामा विभिन्न स्थानबाट ल्याई कुनै एउटा सुरक्षित स्थानमा भण्डारण गरिदै छ। गाजा कारोवारीहरुले ती गाजा नेपालबाट भारतीय बजारमा ठूलो रकममा बिक्रि हुने भएपछी गाजाको व्यापार गर्नेतर्फ आकर्षित हुँदै छन्।

हुन त गाजालाई नेपालमा प्रतिबन्ध गरिएको छ। यसलाई लागु औषधको रुपमा राखिएको छ। यद्दपी गाजाबाट विभिन्न औषधी बनाइने गरिन्छ। यसको प्रयोग औषधीको रुपमा हुने गर्दछ। तर, यसको सकारात्मक काममा प्रयोग भन्दा पनि बढी दुरुपयोग भएको देखिन्छ। यसलाई लागुऔषध प्रयोगकर्ताहरुले नसाको रुपमा प्रयोग गर्ने गरेका छन्। जिल्लामा बढ्दै गएको लागुऔषधको प्रयोगलाई नियन्त्रण तथा निरुत्साहित गर्ने प्रहरीको अभियान नै चलाएको छ। यस्ता कार्यले समाजमा बिकृती बढाउने भएकोले प्रहरीले नियन्त्रण गर्न गरेको अभियान भने सह्ानिय छ।

तसर्थ यस्ता कार्यमा प्रहरीसँग सहकार्य गर्न स्थानियवासीसँगै स्थानिय सरकारको समेत अहम भूमिका हुन्छ। यस्ता नकारात्मक कार्यलाई निरुत्साहित पार्न विभिन्न दिर्घकालिन योजना तथा जनचेतनामूलक कार्यक्रमलाई अगाडी बढाउनु जरुरी छ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# सगरमाथा संवादको तयारी तीव्र गतिमा

**भीष्मराज ओझा**

काठमाडौं, १९ फागुन (रासस)।

जलवायु परिवर्तनका विषयमा पर्वतीय र तटीय मुलुकले झेल्नु परेका समस्या विश्व समुदायसमक्ष प्रस्तुत गर्ने उद्देश्यले आगामी जेठ २ देखि ४ गतेसम्म 'जलवायु परिवर्तन, पर्वतीय र मानव जीवनको भविष्य' शीर्षकमा यहाँ आयोजना हुने 'सगरमाथा संवाद' को तयारी तीव्र गतिमा प्रारम्भ भएको छ।

संवादको तयारीका लागि गठित व्यवस्थापन समितिको आइतबारको पहिलो बैठकले पर्वतीय र तटीय क्षेत्रमा अवस्थित देशका राष्ट्र तथा सरकार प्रमुख, जलवायु अनुसन्धानको क्षेत्रमा काम गर्ने विज्ञ, राष्ट्रिय अन्तरराष्ट्रियस्तरका निजी क्षेत्रका प्रतिनिधि, विषयविज्ञ तथा समाजमा प्रभाव पार्न सक्ने व्यक्तित्वलाई आमन्त्रण गर्ने निर्णय गरेको छ।

परराष्ट्रमन्त्री डा आरजु राणा देउवा संयोजकत्वको समितिले संवादका लागि पूर्वाधारको व्यवस्था तथा कार्यक्रमको प्रारुप तयार पारेको संवादका सम्पर्क व्यक्ति वन मन्त्रालयका सहसचिव महेश्वर ढकालले राससलाई बताउनुभयो।

समितिले विभिन्न क्षेत्रका १६ जना विज्ञ सम्मिलित विज्ञसमूह गठन गर्ने, परराष्ट्र मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रचार प्रसार तथा समन्वय समिति गठन गर्ने निर्णय गरेको छ। बैठकले जलवायु परिवर्तनका प्रभाव घटाउन भएका असल अभ्यासको प्रदर्शनका लागि साझेदार संस्थालाई आग्रह गर्ने निर्णय गरेको छ।

सहसचिव ढकालका अनुसार प्रदेशस्तरमा पनि संवाद गर्ने, बालबालिका तथा युवाका विषयमा पूर्वतयारी संवाद गर्ने, संवादका लागि आवश्यक कर्मचारी परराष्ट्र र वन मन्त्रालय तथा मन्त्रिपरिषद्को कार्यालयले खटाउने र संवादको सचिवालयलाई क्रियाशील बनाइने छ।

परराष्ट्रमन्त्री संयोजकत्वको समितिमा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरी सहसंयोजक हुनुहुन्छ। समितिमा सरकारका मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, परराष्ट्र, अर्थ, गृह, राष्ट्रिय योजना आयोग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक र राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव -सदस्य हुनुहुन्छ। समितिको सदस्य सचिव भने वन सचिव रहनुभएको छ।

यसअघि गत माघ २७ गते प्रधानमन्त्री केपी शर्मा ओलीको उपस्थितिमा तयारी बैठक सम्पन्न भएको थियो। उक्त बैठकले संवाद कार्यक्रममा लागि छिमेकी मुलुक भारत, चीन तथा दक्षिण एसियाली मुलुकका राष्ट्रप्रमुख वा सरकार प्रमुखसहितलाई विशेष अतिथिका रुपमा आमन्त्रण गर्नेलगायत विषयमा छलफल गरेको थियो। गत माघ ८ गते अन्तरराष्ट्रिय हिमनदी वर्ष, २०२५ को अवसर पारेर प्रधानमन्त्री ओलीले सो संवाद कार्यक्रम काठमाडौंमा गर्ने घोषणा गर्नुभएको थियो।

यसअघि २०७६ सालमा तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकारले अघि बढाएको सगरमाथा संवादको तयारी कोभिड-१९ कारण अन्तिम समयमा स्थगन भएको थियो।

**जलवायु न्यायका लागि संवाद**

सरकारले जलवायु परिवर्तनका विषयमा विश्वमै नेतृत्व हासिल गर्न तथा जलवायु न्यायका लागि पैरवी गर्न संवाद कार्यक्रम गर्न लागेको वन तथा वातावरण मन्त्रालयका सचिव दीपककुमार खरालले बताउनुभयो। यो संवाद हाललाई प्रत्येक दुई वर्षमा आयोजना गर्ने सरकारको निर्णय छ।

न्यून कार्बन उत्सर्जन गरेर पनि उच्च जोखिममा पर्नुपरेको अवस्थाका बारेमा अन्तरराष्ट्रिय समुदायको ध्यानाकर्षण गराउँदै त्यसबाट नेपालले लिनुपर्ने क्षतिपूर्ति र नेपालले उपलब्ध गराएका वातावरणीय सेवा वापतको भुक्तानीको सन्दर्भमासमेत संवादमा पैरवी गरिने उहाँले बताउनुभयो।

पेरिस सम्झौताअनुसार विश्व समुदायले यस शताब्दीको अन्त्यसम्ममा पृथ्वीको तापक्रम १.५ डिग्री सेल्सियसभन्दा बढ्न नदिने सहमति गरेता पनि सन् २०५० भन्दा पहिले नै हिमाली क्षेत्रको तापक्रम सरदर १.८ डिग्री सेल्सियसभन्दा बढी हुने अनुमान गरिएको छ। विभिन्न अध्ययनअनुसार उच्च तापक्रम वृद्धिले गर्दा यस क्षेत्रमा रहेका हिमालका दुई तिहाइ हिम भण्डारहरू पग्लिने अनुमान छ।

जलवायु विज्ञान र प्रविधिको विकास विस्तारमा योगदान गर्ने, पर्वतीय देशका 'एजेण्डा'लाई मुखरित गर्न तथा पर्वतीय मुलुकहरुसँग काम गर्न संवाद सहयोगी हुने सचिव खराल बताउनुहुन्छ।

परराष्ट्र मन्त्रालयबाट संवादका निम्ति गृहकार्यको जिम्मेवारीमा रहनुभएका सहसचिव दधिराम भण्डारीले नेपाल सरकारले यो कार्यक्रम उच्च प्राथमिकता दिएर कार्यान्वयन गर्न लागेको बताउनुभयो। संवादको मुख्य उद्देश्य जलवायु परिवर्तनले पर्वतीय क्षेत्रमा परेको असरबारे उजागर गर्नु हो भन्दै उहाँले त्यसबाट पर्वतीय क्षेत्रका नागरिक र अन्तरराष्ट्रिय समुदायको बुझाइमा एकरुपता आउने विश्वा व्यक्त गर्नुभयो।

# विश्व समाचार

## सम्भावित शान्ति सम्झौताका लागि शर्तहरू तय गर्दै जेलेन्स्की र युरोपेली नेताहरू

लण्डन, १९ फागुन (रासस/एएफपी)।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सोमबार संयुक्त राज्य अमेरिकासमक्ष प्रस्तुत हुने सम्भावित शान्ति सम्झौताका लागि शर्तहरू तय गर्न युरोपसँग काम गर्ने बताउभएको छ।

अनिश्चित अमेरिकी समर्थनको सामना गरिरहेको र रूसको तीन वर्षको युक्रेन आक्रमणबिरूद्ध महत्त्वपूर्ण क्षणमा भएको सप्ताहन्तको आकस्मिक वार्ताले १८ वटा मित्रराष्ट्रलाई एकै ठाउँमा भेला गराएको छ।

केही दिनअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ह्वाइट हाउसमा पत्रकारका अगाडि जेलेन्स्कीलाई दिएको दवावले ट्रम्पले किएभलाई शान्ति सम्झौतामा बाध्य पार्न चाहेको आशङ्का बढेपछि युरोपेली नेताहरूले किएभको समर्थनमा मोर्चाबन्दी गरेका छन्।

आइतबार सुरुभएको शिखर सम्मेलनले शान्तिको दिशामा काम गर्ने उनीहरूको प्रतिबद्धतालाई बलियो बनाएको जेलेन्स्कीले बताउनुभयो।

"हामीलाई अन्त्यहीन युद्ध होइन, शान्ति चाहिएको छ," उहाँले युक्रेनीहरूले अत्यधिक मात्रामा प्रयोग गर्ने सामाजिक सञ्जाल टेलिग्राममा लेख्नुभएको छ।

"निकट भविष्यमा, युद्धविरामका लागि जुन रेखाहरू हामीले प्राप्त गर्नुपर्दछ र जुन लाइनहरूमा हामी सम्झौता गर्न सक्दैनौं त्यसका लागि हामी युरोपेली नेताहरूले छलफल गरी वार्ताका लागि न्यूनतम शर्त निर्धारण गर्नेछौं र हाम्रो साझा स्थितिलाई आकार दिनेछौं।"

उहाँले भन्नुभयो, "यी पदहरू संयुक्त राज्य अमेरिकामा हाम्रा साझेदारहरूलाई प्रस्तुत गरिनेछ।"

शान्ति वार्ताका न्यूनतम शर्त तोक्ने सम्बन्धमा सोधिएको प्रश्नमा बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले बेलायत, फ्रान्स र अन्य मुलुकले युक्रेनसँग युद्ध रोक्ने योजनामा काम गर्ने बताउनुभयो।

शिखर सम्मेलनबाट फर्केका फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले ले फिगारो पत्रिकालाई बताएअनुसार फ्रान्स र बेलायतले 'आकाश, समुद्र र ऊर्जा पूर्वाधारमा' एक महिनाका लागि आंशिक युद्धविरामको प्रस्ताव गर्न चाहेका छन्।

स्टारमर र म्याक्रौँले युक्रेनमा कुनै पनि युद्धविराम कायम राख्न बेलायती र फ्रान्सेली सेना तैनाथ गर्न तयार रहेको बताएका छन्। "अमेरिकी संलग्नताको कुनै ग्यारेन्टी बिना, 'युरोपले भारलाई थेग्नैपर्छ'," स्टार्मरले भन्नुभयो।

## ट्रम्पले आफ्नो योजना संसदमा पेश गर्ने

वासिङ्टन, १९ फागुन (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार कंग्रेसको संयुक्त सत्रलाई सम्बोधन गर्नुहुन भएको छ। उक्त अवसरमा उहाँले अमेरिकी राष्ट्रपतिका रूपमा संयुक्त राज्य अमेरिका र विश्वका लागि आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहुनेछ।

सन् २०२० को चुनावमा पराजयपछिको चार वर्षपछि अमेरिकी संसद भवनमा हुने उहाँको यो पहिलो सम्बोधन हो।

रिपब्लिकन राष्ट्रपतिले आफ्नो कार्यकालको पहिलो ४३ दिनमा जारी गरिएको कार्यकारी आदेशको पुनरावलोकन गर्ने र बाँकी एक हजार ४१९ दिनको खाका पेश गर्ने अपेक्षा गरिएको छ।

अलाबामाका सिनेटर तथा पूर्व फुटबल प्रशिक्षक टोमी ट्युबरभिलले इन्स्टाग्राममा भन्नुभएको छ, "राष्ट्रपति ट्रम्पले आफ्नो प्रशासनको अहिलेसम्मको जितलाई उजागर गर्ने र आगामी चार वर्षका लागि 'गेम प्लान' प्रस्तुत गर्नुहुनेछ।

"एउटा कुरा निश्चित छ, यो पूर्व राष्ट्रपति जो बाइडनको नेतृत्वमा विगत चार वर्षमा हामीले भोगेको 'जोकर शो'भन्दा धेरै फरक हुनेछ," रिपब्लिकन सांसद ट्युबरभिलले भन्नुभयो।

ट्रम्पले आफ्ना अर्बपति सल्लाहकार एलन मस्कसँग मिलेर राष्ट्रपतिको 'मेक अमेरिका ग्रेट अगेन' एजेन्डा कार्यान्वयन गर्न कडा र छिटो प्रयास गर्ने आशय देखाइसक्नुभएको छ, चाहे यसको अर्थ, उहाँको अधिकारको संवैधानिक सीमाको परीक्षण गर्नु वा सहयोगीहरूसँगको सम्बन्धलाई तनावपूर्ण बनाउनु नै किन नहोस्।

पदभार ग्रहण गरेदेखि नै ट्रम्पले एकतर्फी रूपमा संघीय निकायहरू विघटन गर्ने, हजारौं सरकारी कर्मचारीहरूलाई बर्खास्त गर्ने र क्युबाको ग्वान्टानामो बेस्थित अमेरिकी सैन्य शिविरमा कागजातविहीन आप्रवासीहरूलाई राख्न थाल्नुभएको छ।

उहाँले क्यानडालाई गाभ्ने, आवश्यक परेको खण्डमा आर्थिक बल प्रयोग गर्ने र संयुक्त राज्य अमेरिकालाई बलियो बनाउन युरोपेली सङ्घ गठन गरिएको दाबीसमेत गर्नुभएको छ।

शुक्रबार ओभल अफिसमा राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग ट्रम्पको असाधारण चर्काचर्कीमा उहाँले आफ्ना युक्रेनी समकक्षीको आलोचना गर्नुभएको थियो यो अमेरिकी प्रतिविम्ब परिवर्तनको पछिल्लो उदाहरण मात्र थियो।

# भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कल्याणपुर, सप्तरीको २१ दिने सूचना

मिति : २०८१/११/२०

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी र ब्याज बाँकी भई निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धीत कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धीत कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखीत मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा बित्तिय संस्था सम्बन्धीत ऐन २०७३, कृषि विकास बैंक लि. को प्रचलित कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था तथा कालो सूचीमा समावेश गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउँदछौं। साथै तपशिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

| क.सं. | कर्जा ग्राहकको नाम थर | ठेगाना | मि.सं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | उदेश्य | साँवा रकम रु. | मिति २०८१/११/१९ सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | न्युराज टेडर्स (प्रो.अशोक कुमार श्रेष्ठ) | खडक न.पा.७, कल्याणपुर | ४०३५ | चन्द्रबहादुर श्रेष्ठ | गंगा बहादुर श्रेष्ठ | ब्यापार | ३५,००,०००।०० | ४,८५,९०७।०० | ३९,८५,९०७।०० | चन्द्रबहादुर श्रेष्ठ | भा.ना. |
| २ | अमृत लाल चौधरी थारु | सुरुङ्गा न.पा.-५, कुशहा | ६३७९ | बिरजु चौधरी | गुरुदयाल चौधरी | स.कृषि तथा व्य.ओ.डि | ४८,७५,०००।०० | २,९८,४५७।०० | ५१,७३,४५७।०० | | |
| ३. | बाबा डिहीबार मनी एकस्प्रेस (प्रो.शिवनारायण चौधरी) | शम्भुनाथ न.पा.-७, कठौना | ५६२१ | गुदर चौधरी | खुसीलाल चौधरी | ब्यापार | ३०,४०,०००।०० | ४,२४,६८३।०० | ३४,६४,६८३।०० | लेखा देबी | भा.ना |
| ४. | फेमस टेलर्स(प्रो. सौखत अलि) | सुरुङ्गा न.पा.-६, कडरबोना | ५८८५ | गोनु राय भाट | ईस्माइल मिया | ब्यापार | २०,००,०००।०० | २,०६,१३५।०० | २२,०६,१३५।०० | गोनु राय भाट | भा.ना. |
| ५. | जय मा काई कन्स्ट्रकसन प्रा.लि.(प्रो.ईन्द्रजित यादब) | सुरुङ्गा न.पा.-३, लक्ष्मीपुर | ५८३४ | कपलेश्वर यादब | कैलु यादब | ब्यापार | १४,१४,८५६।०० | १,३०,५१९।०० | १५,४५,३७५।०० | कपलेश्वर यादब | |
| ६. | मनिष कुमार श्रेष्ठ | खडक न.पा.-७, कल्याणपुर | ५६३१ | चन्द्रबहादुर श्रेष्ठ | गंगा बहादुर श्रेष्ठ | स.कृषि तथा व्य.ओ.डि | २८,९५,९२०।०० | ९४,१३०।०० | २९,९०,०५०।०० | | भा.ना. |
| ७. | मन्जु राईस मिल(प्रो.कुमारी मन्जु चौधरी) | खडक न.पा.-५, रंजीतपुर | ३८५८ | श्रीपतिलाल चौधरी | पुरन चौधरी | ब्यापार | १७,००,०००।०० | १,४६,८७४।०० | १८,४६,८४७।०० | श्रीपतिलाल चौधरी | भा.ना. |
| ८. | सहाबुन कुजर्नी | सुरुङ्गा न.पा.-९, टिकुलिया | ६३१० | मो.ऐयुव अलि | सुलेमान मिया | स.कृषि तथा व्य.ओ.डि | ३०,३५,०००।०० | १,६४,५५३।०० | ३१,९९,५५३।०० | | भा.ना. |
| ९. | सेतीदेबी जनरल स्टोर(प्रो. बिजय कुमार चौधरी) | सुरुङ्गा न.पा.-४, मधुपटी | ६२८६ | अवितलाल चौधरी | बहादुर चौधरी | ब्यापार | १९,००,०००।०० | १,१२,०७५।०० | २०,१२,०७५।०० | भुटकी देवी थरुनी | भा.ना. |
| १०. | हेलो नेपाल जेनरल फुड एण्ड जुस उधोग( प्रो.मो.सिदिक) | शम्भुनाथ न.पा.-८, बैरयाही | ६२६२ | ईस्लाम मिया | फौदार मिया | ब्यापार | १८,२३,६८५।०० | १,८६,५१९।०० | २०,१०,२०४।०० | | भा.ना. |
| ११. | चौधरी पोल्ट्री फर्म(प्रो.गजेन्द्र प्रसाद चौधरी) | सुरुङ्गा न.पा.-१, हनुमानचौक | ५९३८ | मनेजर चौधरी | मागैन चौधरी | ब्यापार | १०,००,०००।०० | ४२,७४०।०० | १,४२,७४०।०० | | भा.ना. |
| १२. | श्रीमती जालो कुजर्नी | खडक न.पा.-३, बनरझुला | ५७६९ | मुस्तकीम मिया | फरमुद मिया | तरकारी | १०,००,०००।०० | १,४९,३१६।०० | ११,४९,३१६।०० | | |
| १३. | पुनित गंगा किराना एण्ड जनरल स्टोर(प्रो.गीता देवी मोची) | सुरुङ्गा न.पा.-६, कडरबोना | ६२६० | हरेराम मोची | सबुरीया मोची | ब्यापार | १९,००,०००।०० | १००,२६६।०० | २०,००,२६६।०० | | भा.ना. |
| १४. | एंजल आलमुनियम एण्ड स्टिल फेब्रिकेशन(पो. जय प्रकास चौधरी) | सुरुङ्गा न.पा.-६, श्रीपुर | ६०६८ | हरि प्रसाद चौधरी | मधु चौधरी | ब्यापार | ८००,०००।०० | ५०,०४४।०० | ८,५०,०४४।०० | राम कुमारी देवी थरुनी | भा.ना. |
| १५. | दुनियालाल साह | सुरुङ्गा न.पा.-५, कुशहा | ६४२७ | रघुबीर साहु तली | प्रेम साहु तेली | हा.प.कर्जा | ४१,२५,०००।०० | १,७६,४५१।०० | ४३,०१,४५१।०० | | |
| १६. | जयमां काली राईस मिल उधोग(प्रो.नथरी देबी यादव) | सुरुङ्गा न.पा.-२, कमलपुर | ५९९९ | बच्चाई यादब | रासे यादब | सरल कृषि | ८,५०,०००।०० | ५७,११६।०० | ९,०७,११६।०० | | भा.ना. |
| १७. | रहमुल मिया | सुरुङ्गा न.पा.-५, कुशहा | १०७२ | फौदार मिया | वौजन मिया | स.कृषि | ६४०,०००।०० | ३४,११३।०० | ६,७४,११३।०० | | भा.ना. |
| १८. | धनेश्वरी यादबनी | सुरुङ्गा न.पा.-१, सिसुवारी | ४७४१ | बडेलाल यादब | मुसहरु यादब | स.कृषि | ७००,०००।०० | २४,१०८।०० | ७,२४,१०८।०० | | |
| १९. | रामदुलारी चौधरी | खडक न.पा.-३, बनरझुला | ५४०९ | हरिदेब चौधरी | तनुकलाल चौधरी | घरायसी | ५,१०,०००।०० | २३,५५५।०० | ५,३३,५५५।०० | | |
| २०. | राजो देवी थरुनी | खडक न.पा.-५, रंजितपुर | ५५१६ | ललकु चौधरी | महन्थी चौधरी | घरायसी | १५०,०००।०० | १४,४२४।०० | १,६४,४२४।०० | | भा.ना. |
| २१. | उतरा कुमारी चौधरी | खडक न.पा.-३, कन्चीरा | ५७४८ | दुखीलाल चौधरी | छेदीलाल चौधरी | घरायसी | १०,००,०००।०० | २६,४३५।०० | १,२६,४३५।०० | | |
| २२. | एक्स्ट्रा मोबाईल मर्मत सेन्टर(प्रो.रोहत कुमार चौधरी) | सुरुङ्गा न.पा. २, हर्दिया | ५९३५ | महन्थी चौधरी | भुलि चौधरी | ब्यापार | ८९०,०००,०० | ८८,५५०।०० | ९,७८,५५०।०० | | भा.ना. |
| २३. | भोलवी यादवनी | सुरुङ्गा न.पा.-६, पटेर्वा | ५९०६ | धनिराम यादब | बुलकी यादब | घरायसी | ९,७५,०००।०० | ४१,३५६।०० | १०,१६,३५६।०० | | |
| २४. | दाजुभाई किराना पसल(प्रो.मुक्ती नारायण चौधरी) | सुरुङ्गा न.पा.-१, पिपरा पश्चिम | ५९२७ | तनुक लाल चौधरी | भालु चौधरी | ब्यापार | ६,००,०००।०० | ४०,५९९।०० | ६,४०,५९९।०० | हंसावती थरुनी | भा.ना. |
| २५. | राजाराम किराना एण्ड कस्मेटिक पसल(प्रो.लक्ष्मण महतो) | सुरुङ्गा न.पा.-२, कमलपुर | ५९२९ | राम प्रसाद महतो | शिवलाल महतो | ब्यापार | ८००,०००।०० | ४४,५००।०० | ८,४४,५००।०० | | भा.ना. |
| २६. | श्री नारायण साह | खडक न.पा.-५,जानकीनगर | ५६१५ | बेचन साहु | राईन साहु | सरल कृषी | ५,००,०००।०० | १३,३५६।०० | ५,१३,३५६।०० | | |
| २७. | रामबती थरुनी | खडक न.पा.-७, कल्याणपुर | ५६७८ | सुदीलाल चोधरी थारु | मैनकु चौधरी | घरायसी | २,००,०००।०० | ११,२५३।०० | २,११,२५३।०० | | |
| २८. | बिमला कुमारी चौधरी | सुरुङ्गा न.पा.-४, मधुपटी | ६११३ | विजय कुमार चौधरी | युगल प्रसाद चौधरी | सरल कृषी | १०,००,०००।०० | ३५,७३२।०० | १०,३५,७३२।०० | युगल प्रसाद चौधरी | भा.ना. |
| २९. | बुधन कुमार रौनियार | खडक न.पा.-११, लालपुर | ६११४ | रामअधिन साह रौनियार | सुनर साह रौनियार | सरल कृषी | ५,००,०००।०० | १८,३२४।०० | ५,१८,३२४।०० | मिनाक्षी देबी साह रौनियार | |
| ३०. | धनिक लाल यादब | सुरुङ्गा न.पा.-९, बरबना | ६११६ | चन्देश्वर यादब | हिनाई यादब | सरल कृषी | १०,००,०००।०० | ३३,१६५।०० | १,३३,१६५।०० | | भा.ना. |
| ३१. | सुरेश कुमार राउत | सुरुङ्गा न.पा.-३, भुसीमहुलिया | ६१९० | रामनारायण राउत क्षेत्रि | शेर बहादुर राउत | सरल कृषी | ८,५०,०००।०० | ४२,१६०।०० | ८,९२,१६०।०० | | |
| ३२. | बद्रि मुखिया | सुरुङ्गा न.पा.-१०, थलहा | ६१८७ | दुखि मलाहा | दर्पी मलाहा | सरल कृषी | ८,५७,१४२।०० | ५३,०१४।०० | ९,१०,१५६।०० | | |
| ३३. | श्याम मंडल | सुरुङ्गा न.पा.-६, कुशहा | ६४४१ | फेकु मंडल | बुधु मंडल | सरल कृषि | ११,०८,३३४।०० | ५४,४२०।०० | ११,६२,७५४।०० | | |
| ३४. | सिता जेनरल स्टोर(प्रो.सीता कुमारी चौधरी) | सुरुङ्गा न.पा.-८, महुलिया | ६४४३ | ओम प्रकाश चौधरी | भोलाई चौधरी | ब्यापार | १६,००,०००।०० | ८१,२३१।०० | १६,८१,२३१।०० | | |
| ३५. | शिव नारायण चौधरी | सुरुङ्गा न.पा.-७, चकदह | ६४७५ | लोचन चौधरी | बहुरी चौधरी | सरल कृषि | १९,५०,०००।०० | ९५,०९९।०० | २०,४५,०९९।०० | | |
| ३६. | शिव कुमार चौधरी | खडक न.पा.-५, खोजपुर | ६४०३ | भौसाई चौधरी | दरपलाल चौधरी | सरल कृषि | ९,५०,०००।०० | ९१,३७०।०० | १०,४१,३७०।०० | चन्द्रदेबी थरुनी | |
| ३७. | चन्द्र नारायण चौधरी | सुरुङ्गा न.पा.-११, औरहा | ६०२७ | ईन्द्र नारायण चौधरी | बहादुर चौधरी | सरल कृषि | ६,३०,०००।०० | ३९,४८१।०० | ६,६९,४८१।०० | दरो देबी चौधरी | |
| ३८. | ऐजुव मिया | सुरुङ्गा न.पा.-५,कुशहा | ६०२६ | ईसाख मिया | नाजिर मिया | सरल कृषि | १०,००,०००।०० | १९,६५२।०० | १०,१९,६५२।०० | ईसाख मिया, मलुदन खातुन | भा.ना. |
| ३९. | सकिल अलि | खडक न.पा.-९, लालपटी | ६२३० | कलामुदिन मिया | तैयव मिया कुजरा | सरल कृषि | १४,००,०००।०० | ७२,६९०।०० | १४,७२,६९०।०० | | भा.ना. |
| ४०. | उमेश कुमार साह | खडक न.पा.-८, ढोलबाजा | ६२२९ | लाल बिहारी तेली | लखन साहु तेली | सरल कृषि | ९००,०००।०० | ४७,९७१।०० | ९,४७,९७१।०० | | |
| ४१. | ए.सी.ईलेक्ट्रोनिक्स एण्ड बाईक रिकण्डिसन सप्लायर्स(प्रो.हरेराम चौधरी) | खडक न.पा.-९, बज्रहा | ३१०४ | झलु चौधरी थारु | चनी चौधरी थारु | **ब्यापार** | ३९,००,०००।०० | २,०४,८४४।०० | ४१,०४,८४४।०० | झलु चौधरी थारु | भा.ना. |
| ४२. | ललिता देबी यादव | सुरुङ्गा न.पा.-२, कमलपुर | ६००५ | सुर्य नारायण यादब | उतिम लाल चौधरी | सरल कृषि | १०,००,०००।०० | २०,४९७।०० | १०,२०,४९७।०० | सुनरवती यादब | |
| ४३. | सब्दी चौधरी | सुरुङ्गा न.पा.-८, मलहनमा | २९६५ | गुलटेन चौधरी | बिलट चौधरी | स.कृषि | १००,०००।०० | ५,४७५।०० | १०५,४७५।०० | | |

**कृषि विकास बैंक लि.**
**शाखा, कल्याणपुर, सप्तरी**

# सवारी ज्यान मुद्दाका फरार चालक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

सवारी ज्यान मुद्दाका एक फरार प्रतिवादीलाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।


पक्राउ पर्नेमा राजविराज नगरपालिका वडा नं. ९ बस्ने २५ वर्षिय सुनिल कुमार मण्डल छन् । पक्राउ परेका मण्डललाई प्रहरीले सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरि अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



प्रहरीका अनुसार गत कात्तिक ९ गते राजविराज-रुपनी सडक खण्डमा रुपनी ६ निवासी शिवम कुमार यादवले चलाइरहेको मोटरसाइकललाई सुनिलले चलाइरहेको ना.३ख. ७३९० नं. को बसले ठक्कर दिएको थियो । ठक्करबाट गम्भिर घाइते भएका शिवमको स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका क्रमम मृत्यु भएको थियो ।

सोही समयदेखी फरार रहेका बस चालक सुनिललाई आइतबार पक्राउ गरि सवारी ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतबाट म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# लागु औषधसहित तीन पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

सप्तरी प्रहरीले लागुऔषधसहित जिल्लाको दुई स्थानबाट तीन युवकलाई पक्राउ गरेको छ ।

जिल्लाको बलान बिहुल गाउँपालिका १ स्थित प्रहरी चौकी मौवाबाट खटिएको प्रहरी गस्ती टोलीले उदयपुरको त्रियुगा ९ वस्ने २१ वर्षिय चुडामणी राय माझी र २० वर्षका सुमन परियारलाई लागुऔषधसहित पक्राउ गरेको हो ।

प्रहरीले उनीहरुको शरीर खानतलासी गर्दा कालो रंगको तीनवटा प्लास्टिकको पोकाहरु र लागुऔषध निट्राभेट-१० एक पत्ता १४ पिस ट्याब्लेट, फेनारगन इन्जेक्शन २ एमएलको ९७ एम्पुल, बुप्रेनोरफाइन इन्जेक्शन २ एमएल को ९७ एम्पुल, डाइजापाम इन्जेक्शन २ एमएलको ९७ एम्पुल बरामद भएको हो ।

यस्तै प्रहरीले जिल्लाको सुरुङ्गा नगरपालिका ४ कदमाहामा एक पैदल यात्रीलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका ४ बगाहा टोल बस्ने २३ वर्षका सागर मगर छन् ।

पक्राउ परेका मगरका साथबाट फेनारगन इन्जेक्शन २ एमएलको ११ एम्पुल, बुप्रेनोरफाइन इन्जेक्शन २ एमएलको ११ एम्पुल, डाइजापाम इन्जेक्शन २ एमएलको ११ एम्पुल बरामद भएको हो ।

बरामद भएको लागुऔषध र पक्राउ परेका तीनै जनालाई सप्तरी जिल्ला अदालतबाट सात दिनको म्याद थप गराई इलाका प्रहरी कार्यालय कडरवोनाले अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# ठगि मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ फागुन ।**

ठगी तथा अपराधिक विश्वासघात, संगठित अपराध सम्बन्धी कसूर मुद्दामा फरार रहेका थप एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

रुपनी गाउँपालिका १ रुपनी चौकस्थित एक होटलबाट फागुन १५ गते सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ६ बस्ने रुपेश कुमार



यादवलाई प्रहरीले पक्राउ गरेको हो ।

प्रहरीका अनुसार महेश कुमार यादव समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रुपेश कुमार यादव समेत भएको ठगी तथा अपराधिक विश्वासघात, संगठित्त अपराध सम्बन्धी कसूर मुद्दामा फरार रहेका थिए ।

पक्राउ परेका यादवमाथी आवश्यक अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विद्युतीय सवारीसाधन खरिदमा ऋण मूल्य अनुपात बढाउन माग

काठमाडौं, १९ फागुन (रासस) ।

यातायात व्यवसायीहरूको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले विद्युतीय सवारीसाधन र डिजेलबाट सञ्चालित सवारीसाधनको खरिदका लागि मौद्रिक नीतिले गरेको व्यवस्था हटाउन माग गरेको छ ।

महासङ्घका महासचिव डेकनाथ गौतमले विज्ञप्ति जारी गरी विद्युतीय सवारीसाधनको प्रयोगलाई उच्च प्राथमिकतामा राखेको सरकारले सोही सवारीसाधन खरिदका लागि मौद्रिक नीतिमा भएको व्यवस्थाले व्यवसायीहरू मारमा परेको दाबी गर्नुभयो ।

हरित ऊर्जालाई उच्च प्राथमिकता दिने निर्णय गरेको सरकारले वायु प्रदूषण न्यूनीकरण र स्वदेशमा उत्पादित ऊर्जालाई खपत गर्न विद्युतीय सवारीसाधन खरिदमा सहुलियत दिनुपर्ने साटो मौद्रिक नीतिले विद्युतीय सवारीसाधन प्रयोगलाई निरुत्साहित गरेको महासङ्घको जिकिर छ ।

नेपाल राष्ट्र बैङ्कले मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामार्फत विद्युतीय सवारी खरिदमा ऋण मूल्य अनुपात घटाएर ६० प्रतिशत बनाएको थियो । यसअघि उक्त व्यवस्था ८० प्रतिशत थियो । अर्थात् अब विद्युतीय सवारी साधन खरिदमा बैंक तथा वित्तीय संस्थाबाट अधिकतम ६० प्रतिशत ऋण पाइन्छ । महासङ्घले विद्युतीय सवारीसाधन तथा डिजेलका सवारीसाधन खरिदमा ऋण मूल्य अनुपात ८० प्रतिशत बनाउन माग गरेको छ ।

# प्रधानमन्त्री कप प्रदेश छनौटमा सप्तरी बिजयी




**दैनिक समाचारदाता**
**राजबिराज, १९ फागुन ।**

प्रधानमन्त्री कप पुरूष राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत मधेश प्रदेश छनोट प्रतियोगितामा सप्तरीले सिरहालाई ४९ रनले पराजित गरेको छ ।

बाराको कलैयामा सोमवार सम्पन्न खेलमा टस जितेर सिरहाले सप्तरीलाई ब्याटिंङ गर्न दिएपछि सप्तरी ४७ ओभरमा सबै बिकेट गुमाई १ सय ८२ रनको योगफल खडा गरेको थियो ।

जसमा सप्तरीका रोहन बिकले उत्कृष्ट ब्याटिंग गर्दै ७३ रन, बिकास दासले ४३ रन बनाउदै अविजित रहे भने नितेश यादब (ए) ले १९ रन जोडेका थिए । बलिङतर्फ सिरहाका रूपेश सिँहले ५ बिकेट, अफरूद्दिन रैन ३ बिकेट लिएका थिए ।

जवाफमा सिरहाले ३९ ओभरमा सबै बिकेट गुमाई १ सय ३९ रन मात्र बनाउन सकेका थिए । जसमा शैलेन्द्र साहले ३४ रन, नउमिर अहमद १९ रन, तथा अनवर अलीले १२ रन बनाएका थिए । बलिङतर्फ सप्तरीका पप्पु यादब ३ तथा अभिषेक कार्की र कर्ण बिक २/२, नितेश यादव (ए) र नितेश यादब (बि) समान १/१ बिकेट लिएका थिए ।

उक्त खेलमा सप्तरीका प्लेयर अफ दि म्याच रोहन बिक घोषित भएको सप्तरी टिमका म्यानेजर राहुल सिँहले जानकारी दिए ।

# अस्पतालका सञ्चालक पक्राउ

रौतहट, १९ फागुन (रासस) ।

रौतहटको चन्द्रपुर-४ चन्द्रनिगाहपुरमा लामो समयदेखि अवैधरूपमा अस्पताल सञ्चालन गर्दै आइरहेका एकजना सञ्चालकलाई प्रहरीले पक्राउ गरेको छ ।

गत शनिबार मधेस प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले अनुगमन गर्दा दर्ता नै नभएको भेटिएको सिभिल हस्यान एण्ड रिसर्च सेन्टर चन्द्रनिगाहपुरका सञ्चालक राजन साहलाई प्रहरीले सोमबार बिहान पक्राउ गरेको हो । सो अस्पताललाई मुख्यमन्त्री सिंहसहितको अनुगमन टोलीले अस्पताल दर्ता गरेर मात्रै सञ्चालन गर्न पत्र दिएको थियो ।

उक्त पत्रको अवज्ञा गरेर साहले अस्पताल खोलेको कारण सोमबार साहलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक राजकुमार राईले जानकारी दिनुभयो । पत्रको अवज्ञा गरेर अस्पताल सञ्चालन गरेको कारण उनलाई पक्राउ गरेको डिएसपी राईले बताउनुभयो ।

मुख्यमन्त्री सिंहले गत शनिबार चन्द्रनिगापुरको ११ वटा निजी अस्पतालको अनुगमन गर्नुभएको थियो । जसमा १० वटा अस्पताल दर्ता नभएको भेटिएको थियो । एघार वटामध्ये चन्द्रपुर अस्पताल प्रालिले मात्रै अस्पताल सञ्चालनको अनुमति लिएको भेटिएको अनुगमन समितिका सदस्य सचिव सन्तोष ठाकुरले जानकारी दिनुभयो ।

मुख्यमन्त्री सिंहसहितले अनुगमन गरेको हाइवे ट्रमा हस्पिटल एण्ड रिर्सच सेन्टर प्रालि, सिभिल हस्यान एण्ड रिसर्च सेन्टर, पब्लिक लाइफ केयर पोलिक्लिनिक, एपोलो सिटी अस्पताल, चपुरसिटी अस्पताल, हिमालय पोलीक्लिनिक, चन्द्रपुर, सामुदायिक अस्पताल, नमस्ते डेन्टल क्लिनिक, चन्द्रपुर अर्थोपेडिक अस्पताल र चन्द्रपुर आखा तथा दाँत उपचार केन्द्र अहिले बन्द अवस्थामा रहेको डिएसपी राईले जानकारी दिनुभयो ।

# गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा

**दैनिक समाचारदाता**
**धनुषा, १९ फागुन ।**

धनुषाको गणेशमान चारनाथ नगरपालिकाले गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा थालनी गरेको छ ।

घरमा सुत्केरी हुने दरलाई शून्यमा झार्न तथा अस्पतालमा सुरक्षित रूपमा सुत्केरी गराउनका लागि अभिप्रेरित गराउने उद्देश्यका साथ एम्बुलेन्स सेवा सञ्चालनमा ल्याइएको हो ।

नगरप्रमुख जितनारायण यादवले नगरक्षेत्रका गर्भवती तथा सुत्केरीका लागि निःशुल्क एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको जानकारी दिए । उनले सुत्केरी भइसकेपछि पनि विभिन्न कारणले आमा तथा शिशुको स्वास्थ्य जोखिम हुन सक्ने र यसबाट जोगाउन एम्बुलेन्स सेवाले सहयोग पुग्ने बताए ।

नगरपालिकाले अन्य बिरामीलाई न्यून शुल्कमा उक्त एम्बुलेन्स सेवा उपलब्ध गराउने पनि जानकारी दिएको छ । गुणस्तरीय स्वास्थ्य सेवामा नागरिक पहुँच वृद्धि गर्न एम्बुलेन्स सेवाले सहयोग पुग्ने जनाइएको छ ।

# स्कारपियो दुर्घटनामा चालकको मृत्यु

**दैनिक समाचारदाता**
**सर्लाही, १९ फागुन ।**

सर्लाहीको चक्रघट्ट गाउँपालिका २, बेल्हीमा स्कारपियो गाडि दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

सोमबार बिआर ३० प १७०३ नंको स्कारपियो दुर्घटना हुँदा घाइते भएका चालक ४० वर्षीय अमितकुमार अधिकारीको काठमाडौंस्थित ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको हो । बेल्ही निवासी अधिकारीको प्रादेशिक अस्पताल मलङ्गवामा सामान्य उपचारपछि ट्रमा सेन्टर पठाइएको थियो ।

उहाँको उपचारकै क्रममा मृत्यु भएको आफन्तलाई उद्धृत गर्दै जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक सरोज राईले जानकारी दिए ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*